जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २३८ २०८० साल बैशाख १२ गते मंगलबार (25 Apr. 2023 Tuesday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जनहीतका लागि

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाली लोकतन्त्र जय... ३ पृष्ठमा : सरकारी कर्मचारीको न्यूनतम तलब.. ३ पृष्ठमा : जापानमा होटलको मूल्यमा...

## खोप लगाउन स्वास्थ्य मन्त्रालयको आग्रह

काठमाडौं, ११ वैशाख (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरसको सङ्क्रमण बढ्दै गइरहेकाले खोप लगाउन आग्रह गरेको छ।

मन्त्रालयले कोरोना भाइरसविरुद्धको खोप लगाउँदा सङ्क्रमण नहुने भएकाले खोप लगाउन आग्रह गरेको हो। मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले खोप लगाएका व्यक्तिको तुलनामा खोप नलगाएका व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण भएमा सिकिस्त बिरामी हुने सम्भावना १० गुणाबढी हुने गरेको बताउनुभयो।

उहाँका अनुसार खोप नलगाएका मानिसमा खोप लगाएको मानिसको तुलनामा सङ्क्रमण भएपछि मृत्यु हुने सम्भावना १० गुणा बढी हुने गरेको छ। सहप्रवक्ता डा अधिकारीले आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई सङ्क्रमणविरुद्धको बुस्टर डोजको खोप लगाउन आग्रह गर्नुभएको हो।

आइतबार ८१ सङ्क्रमित र सक्रिय सङ्क्रमित तीन सय ७० पुगेका छन्। नेपालमा छिमेकी देश भारतमा फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सबिवि १.१६ देखा परेको छ। शून्यमा झरेको सङ्क्रमण नेपाल र भारतको खुला सिमानाका कारणले सङ्क्रमित नेपाल प्रवेश गर्नाले फैलिएको हो। अहिले विभिन्न स्वास्थ्य संस्था र स्थानीय तहले कोरोना भाइरसविरुद्धको खोप प्रदान गरिरहेका छन्।

काठमाडौँमा वीर अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, त्रिवि शिक्षण अस्पताल, वीरेन्द्र सैनिक अस्पताल, नेपाल सशस्त्र प्रहरी बल अस्पताल, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, नेपाल प्रहरी अस्पतालमा नियमित पहिलो मात्रा, दोस्रो मात्रा र बुस्टर डोज खोप लगाइरहेका छन्।

## महिला झुण्डिएको अवस्थामा फेला

**दैनिक समाचारदाता राजविराज, ११ बैशाख।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका ७ ब्रह्मपुरमा सोमबार एक महिला झुण्डिएको अवस्थामा फेला परेकी छिन्।

स्थानिय धर्मेन्द्र साहकी ३० वर्षिया श्रीमती झुण्डिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार आफ्नो घरदेखी ५०० मिटर पुर्व चौरीमा रहेको पिपलको रुखमा प्लास्टिकको डोरीले पासो लगाई झुण्डि मृत अवस्थामा फेला परेको हो।

यो सँगै जिल्लामा अढाई महिनाको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या २६ पुगेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चालु आ.व. २०७९/८० को हालसम्मको अवधीमा भने विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ८५ पुगेको छ। गत आर्थिक वर्ष ०७८/०७९ मा विष सेवन तथा झुण्डिएर १ सय ३६ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङले देखाएको छ।

## लुम्बिनी प्रदेशमा पनि ढल्यो एमाले नेतृत्वको सरकार

**दैनिक समाचारदाता काठमाडौं, ११ बैशाख।**

लुम्बिनी प्रदेशमा एमाले नेतृत्वको सरकार ढलेको छ। प्रदेश सभाको सोमबारको बैठकमा मुख्यमन्त्री लिला गिरीले विश्वासको मत प्राप्त गर्न नसकेपछि एमाले सकारको नेतृत्वबाट बाहिरिएको हो। नयाँ सत्ता गठबन्धन निर्माण भएपछि यसअघि गण्डकी र सुदूरपश्चिममा पनि विश्वासको मत प्राप्त गर्न नसकेपछि एमालेको सरकार ढलेको थियो।

संविधानको धारा १६८ को उपदफा ४ अनुसार मुख्यमन्त्री गिरीले सोमबार विश्वासको मत मागेका थिए।

मुख्यमन्त्री गिरीको पक्षमा ३३ मत मात्र परेपछि सरकार ढलेको हो। ८७ सदस्यीय लुम्बिनीको प्रदेश सभामा सरकार बनाउनका लागि ४४ मत आवश्यक पर्छ। तर, अहिले एमालेका २९ र राप्रपाका ४ गरी मुख्यमन्त्री गिरीले ३३ मत मात्र प्राप्त गरेका हुन्। विश्वासको मतको विपक्षमा भने ५३ मत परेको सभामुख तुलाराम घर्तीले जानकारी गराएका छन्। 'सरकारको विश्वासको मतको प्रस्ताव बहुमतले अस्वीकृत भएको छ,' उनले भने, 'अर्को बैठक सुचना मार्फत जानकारी गराईनेछ।'

पुस २७ गते ७ दलको समर्थनमा मुख्यमन्त्री बनेका गिरीले माघ ५ मा ८ दलका ५८ जनाबाट विश्वासको मत पाएका थिए। सरकार गठनको साढे तीन महिना र विश्वासको मत पाएको तीन महिनामै उनले दोस्रो पटक विश्वासको मतको सामना गरेका हुन्। उनलाई समर्थन गरेका माओवादीसहितका ५ दलले चैत १२ गते सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि उनले दोस्रो पटक विश्वासको मत मागेका हुन्। सोमबार प्रदेश सभामा भएको मत विभाजनमा एमालेका २९ र राप्रपाका ४ गरी ३३ मत सरकारको पक्षमा प्राप्त भएको हो। मुख्यमन्त्री गिरीको विपक्षमा कांग्रेसका २७, माओवादीका १०, नागरिक उन्मुक्तिका ४, जसपा, लोसपा र जनमतका ३।३, नेकपा एकिकृत समाजवादी, राष्ट्रिय जनमोर्चा र स्वतन्त्रका १।१ प्रदेश सभा सदस्यले मत दिएका छन्।

एमाले नेतृत्वको सरकारले विश्वासको मत प्राप्त गर्न नसकेपछि कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरीको नेतृत्वमा अर्को सरकार गठनको प्रकृया गठबन्धनका दलहरुले सोमबार नै सुरु गर्ने भएका छन्। कांग्रेसका प्रमुख सचेतक जन्मजय तिमिल्सिनाले सरकारले विश्वासको मत प्राप्त गर्न नसकेको जानकारी सोमबार नै प्रदेश प्रमुखलाई बनाएर कांग्रेस नेता डिल्ली चौधरीलाई मुख्यमन्त्रीमा नियुक्त गर्न प्रदेश प्रमुख अमिक शेरचन समक्ष आग्रह गर्ने बताए। 'हामी सोमबार नै सरकार गठनको प्रकृया सुरु गर्न आग्रह गर्दै छौं,' उनले भने, 'सम्भवत बुधवारसम्ममा नयाँ मुख्यमन्त्री नियुक्त हुनुहुनेछ।'

गठबन्धनका दलहरुले यस अघि नै ५३ जना प्रदेश सभा सदस्यको हस्ताक्षर प्रदेश प्रमुख शेरचन समक्ष बुझाई सकेका छन्। उनीहरुले संविधानको धारा १६८ को उपधारा २ बमोजिम नै सरकार गठन गर्न माग गर्दै आएका छन्।

## फुलबारीमा आगलागि

**दैनिक समाचारदाता राजविराज, ११ बैशाख।**

सप्तरीको रुपनी गाउँपालिका १ स्थित रुखहरुको फुलबारीमा आगलागी भएको छ।

स्थानिय सियाराम यादव, रामनारायण यादव, देवकृष्ण यादव र महेश प्रसाद चौधरीको फुलबारीमा आगलागि भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार १ सय ५५ आपको रुख तथा ४६ वटा बाँस, ५ वटा जामुन र ४ वटा टिकको रुख जल्दा ९० हजार मुल्य बराबरको क्षति भएको छ।

आगो स्थानीयबासी र प्रहरीको सहयोगमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

## निर्वाचन आयोगले सोध्यो लामिछानेलाई स्पष्टीकरण

चितवन, ११ वैशाख (रासस)।

आइतबार भएको मतदानका क्रममा निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको सम्बन्धमा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं चितवन क्षेत्र नं २ का उम्मेदवार रवि लामिछानेलाई निर्वाचन आयोगले स्पष्टीकरण सोधेको छ।

नेपाली कांग्रेस चितवनले लामिछानेसहित प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलका विरुद्ध निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भन्दै निर्वाचन कार्यालयमा उजुरी दिएपछि कार्यालयले लामिछानेलाई स्पष्टीकरण सोधेको हो।

निर्वाचन कार्यालयका सहायक निर्वाचन अधिकृत ईश्वर आचार्यले आइतबार अबेर स्पष्टीकरण सोधिएको र आइतबारै जवाफ आएको बताउनुभयो। उहाँका अनुसार प्राप्त जवाफ निर्वाचन आयोगमा पठाइएको छ।

निर्वाचन भइराखेको समयमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा उम्मेदवार रवि लामिछानेले फेसबुक लाइभमार्फत मत मागेको, मतदानस्थलमा हूल हुज्जत गरी प्रचार गरेको र प्रमुख जिल्ला अधिकारी पौडेलले लामिछानेलाई नै सहयोग गरेको भन्दै कांग्रेसले उजुरी दिएको थियो। उजुरीमा निर्वाचन ऐन, निर्देशिका, कार्यविधि र निर्देशनबमोजिम दोषीमाथि कारबाहीको माग गरिएको छ।

## निर्वाचन खर्च सार्वजनिक गर्न ५ हजार ५ सय ६१ उम्मेदवारलाई आयोगको निर्देशन

**दैनिक समाचारदाता काठमाडौं, ११ बैशाख।**

निर्वाचन आयोगले मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा भाग लिई निर्वाचन खर्चको विवरण पेश गर्ने ५ सय ५ सय ६१ जना उम्मेदवारहरूलाई सो विवरण सार्वजनिक गर्न निर्देशन दिएको छ।

आफूले गरेको निर्वाचन खर्च सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयको सूचना पाटी, सम्बन्धित गाउँपालिका वा नगरपालिका वा वडा कार्यालयको सूचना पाटीमा सार्वजनिक गर्न सकिने जनाएको छ।

यस्तै राजनीतिक दलको जुनसुकै तहको कार्यालय वा वेबसाइट (राजनीतिक दलको तर्फबाट उम्मेदवार भएका उम्मेदवारको हकमा), आमसञ्चार माध्यम (पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि) र सामाजिक सञ्जाल (फेसबुक, टिवटर, ईन्स्टाग्राम) बाट पनि सार्वजनिक गर्न सक्ने आयोगले निर्णय गरेको छ।

यसरी सार्वजनिक गरेको

*बाँकी अन्तिम पृष्ठमा*

**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
राजविराज नगरपालिका, सप्तरी

## सम्पादकीय

### नापतौलमा आधुनिकीकरण हुन सकेन्

खाद्यान्न, तरकारी, मासु, चामल लगायतका दैनिक उपभोग्य सामानहरु नापतौल गर्न अहिले बजारमा विभिन्न आधुनिक यन्त्रहरु भित्रिएका छन् । तर, पनि सप्तरीमा ती आधुनिक नापतौल यन्त्र प्रयोग गरेको पाइन्न् । आधुनिक यूगसँगै नाप तौलमा पनि आधुनिक नापतौलका उपकरणहरु बजारमा प्रसस्त देख्न पाइन्छ । सप्तरी सदरमुकाम राजविराजस्थित हटिया बजारमा अहिले पनि ईटढुंगाले नापतौल गर्ने गरिन्छ । विभिन्न विद्युतिय उपकरणहरु उपलब्ध हुँदा समेत सप्तरीका विभिन्न पसल तथा तरकारी विक्रेताहरुले अझै इँट, ढुँगाकै ढक बनाएर नापतौल गर्ने गरेको पाइन्छ ।

यस्ता किसिमले नापतौल गर्दा उपभोक्ता ठगिने गर्छन् । त्यस्ता इटढुंगाले तौल गर्दा तौलमा कमी हुन्छ । तै पनि बजारसँग सरोकार राख्ने निकाय उपभोक्ता मञ्च, व्यापार संघ, जिल्ला प्रशासन, नापतौल बिभाग लगायतको ध्यान अझै आकृष्ट हुन सकेको छैन् । ढुँगाले बनाइएको ढक सही हो या होइन् यसको जाँच समेत हुन सकेको छैन् । खासगरी तरकारी, माछा, मासु सहितका बिभिन्न दैनिक उपभोग्य सामग्रीहरु धेरै ठाउँमा अहिले पनि ढुँगाकै ढकले नापतौल हुँदै आएको छ ।

सबैलाई हतारमा सामग्री चाहिने भएका कारण उपभोक्ताहरु जुन ढकले नापतौल गरेर दिएपनि लिएर गइरहेको अवस्था छ । बदलिंदो परिवेशसँगै उपभोक्ताहरु धेरै व्यस्त हुने गरेका कारण यसप्रति ध्यान जान नसकेको हुन्न सक्छ । यता ग्रामिण भेगमा यस्तो किसिमको नापतौल अझै यथावत नै छ । तसर्थ सम्बन्धीत निकायले यस्ता विषयबस्तुमा समेत निगरानी बढाएर उपभोक्तालाई राहत दिनेतर्फ ध्यान पुऱ्याउनु आवश्यक रहेको छ ।

# 'नेपाली लोकतन्त्र जय होस्'

**धर्मेन्द्र झा**

काठमाडौं, ११ वैशाख (रासस) । नेपालमा आज लोकतन्त्र दिवस । आज वैशाख ११ नेपाली लोकतन्त्र स्थापित भएको दिन । नेपाली लोकतन्त्रले आज १७ वर्ष पूरा गरेको छ । दोस्रो जनआन्दोलनका रुपमा चर्चित २०६२/६३ को राजनीतिक आन्दोलन सफल भएको आजको दिन अर्थात् वैशाख ११ को दिनलाई स्मरण गर्दै यो दिवस मनाउने गरिन्छ । विसं २०६२/६३ को आन्दोलनपछि आजैको दिन तत्कालीन राज्यसत्ता आन्दोलनकारी शक्तिसँग सम्झौता गर्न बाध्य भएको थियो । विसं २०६३ वैशाख ११ का राति राजतन्त्रले संसद् पुनःस्थापनाको घोषणा गरी आफ्नो आयु अन्त्यको दिन गणना प्रारम्भ गरेको थियो ।

निश्चय पनि आजको दिन नेपाल र नेपालीका लागि विशेष छ । थुप्रै सहिदको शहादतपछि स्थापित यो दिनको भावनात्मक महत्व हाम्रा लागि निश्चय पनि स्मरणयोग्य छ । यस दिनपछि मात्र नेपालीले स्वयंलाई देशको सम्प्रभु नागरिकका रुपमा स्थापित र परिभाषित गर्ने अवसर प्राप्त गर्न सकेका हुन् । रैतीबाट जनता-नागरिक बनेका हुन् । दोस्रो जनआन्दोलनको सर्वाधिक महत्वपूर्ण उपलब्धि नै देशमा लोकतन्त्र स्थापित हुनु हो ।

विगतमा दुई सय ४० वर्षभन्दा बढी समयदेखि सञ्चालन हुँदै आएको राजतन्त्रको अन्त्यको जग आजैको दिनले बसाएको हो । आजैको दिनको जगमा टेकेर नेपालमा गणतन्त्र स्थापना भएको हो भन्दा असत्य ठहर्दैन । एउटा व्यक्ति र परिवारबाट देशको शासन सत्ता जनतामा आउने कुराको सुनिश्चितता यही दिनले गरेको हो । यस अर्थमा आजको दिन नेपालीका लागि निकै विशेष छ । त्यसो त २०६२/६३ को आन्दोलनको विरोध र आलोचना गर्नेहरुको पनि कमी छैन । तर तिनले पनि के बुझ्नुपर्छ भने विरोध र आलोचना गर्न अधिकार पनि तिनलाई यही लोकतन्त्रले दिएको हो । लोकतन्त्रको सर्वाधिक महत्वपूर्ण पक्ष नै यही हो कि यसले आफूविरुद्ध पनि विचार अभिव्यक्त गर्ने स्वतन्त्रता आम व्यक्तिलाई प्रदान गर्दछ, जुन कुरा हिजोको राजतन्त्रमा सम्भव थिएन । लोकतन्त्रको मूल ध्येय नै आम व्यक्तिलाई अधिकारसम्पन्न बनाउँदै देशमा सकारात्मक परिवर्तन ल्याउनु हो ।

लोकतन्त्र दिवसका बारेमा चर्चा गरिरहँदा सर्वप्रथम लोकतन्त्रको अर्थ र परिभाषाकै सन्दर्भमा कुरा गरेर नेपाली लोकतन्त्रको विश्लेषण गर्नु जरुरी हुन्छ । प्रसिद्ध दार्शनिक एरिस्टोटल (अरस्तु)ले लोकतन्त्रलाई परिभाषित गर्ने सन्दर्भमा लोकतन्त्रमा धनीभन्दा गरिबहरु बढी शक्तिशाली हुन्छन् किनकी समाजमा गरिबहरुको वर्चस्व हुन्छ भनेर भनेका छन् ।

अर्का प्रसिद्ध विचारक एवं अमेरिकाका पूर्वराष्ट्रपति अब्राहम लिङ्कनको, जनताद्वारा जनताका लागि जनतामार्फत गरिने शासन व्यवस्था नै वास्तविक लोकतन्त्र हो, भन्ने भनाइबाट आजको युगमा कोही पनि अनभिज्ञ छैनन् । लोकतन्त्रका बारेमा थोरै पनि जानकारी राख्ने जो कोहीले पनि लिङ्कनको यो भनाइका बारेमा थाहा पाएका छन् ।

यस शताब्दीका महान विचारक नोबेल पुरस्कार विजेता अमर्त्य सेनले लोककल्याणकारी राज्य र सरकारका सन्दर्भमा लोकतन्त्रको महत्व प्रष्टयाउँदै भनेका छन्- समकालीन समाजमा लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात गरेको सरकारले मात्र जनताका आधारभूत आवश्यकता र चाहनालाई सम्बोधन गर्ने सामर्थ्य राख्दछन् ।

अर्का विचारक समाजशास्त्री जेम्स माहोनीले व्यक्त गरेको विचार पनि निकै महत्वपूर्ण छ । उनको विचार मननीय मात्र छैन, विश्लेषण गर्ने हो भने उनको विचारले लोकतान्त्रिक शासन व्यवस्थाको परीक्षण गर्ने कसी पनि होभन्दा अस्वाभाविक हुँदैन । उनको शब्दमा- लोकतन्त्रले सहभागितामूलक शासन व्यवस्थामा विश्वास गर्दछ, पारदर्शीताको वकालत गर्दछ र उत्तरदायित्वलाई सधैँभरि आत्मसात गर्दछ । उनको विचारको विश्लेषण गर्ने हो भने लोकतन्त्रका सन्दर्भमा आजको शासन सहभागितामूलक, पारदर्शी र उत्तरदायी हुनुपर्छ भन्ने कुरा स्पष्टरुपमा बुझ्न सकिन्छ । बुझ्नुपर्छ ।

पछिल्लो पुस्ताको लोकतन्त्रको कुरा गर्ने हो भने लोकतन्त्र प्रतिनिधिमूलक होइन सहभागितामूलक हुनु जरुरी छ । लोकतन्त्रका सञ्चालकहरुको ध्यान यसतर्फ जतिसक्दो छिटो आकर्षित हुनु आवश्यक छ ।

माथि उल्लेखित विभिन्न विचारहरुको आलोकमा विश्लेषणको प्रयत्न गर्ने हो भने नेपाली लोकतन्त्रको विद्यमान अवस्थाबाट पूर्णतः सन्तुष्ट हुन सकिने अवस्था छैन । माथिका सबै विचारले नागरिक र जनतालाई केन्द्रमा राखेको छ । तर नेपाली लोकतन्त्रको अवस्थाको मूल्याङ्कन गर्ने हो भने यहाँ जनतालाई केन्द्रमा राख्ने कुरामा अझै केही समस्या छन् ।

लोकतन्त्र दिवसको सन्दर्भमा एउटा कुरा स्वीकार्नै पर्छ, नेपाली लोकतन्त्र अझै पनि सुदृढ र संस्थागत हुने दिशामा अनेकौं चुनौती र समस्या विद्यमान छन् । लोकतन्त्र धेरै हदसम्म जनतालाई आवश्यक सेवा प्रदान गर्ने सेवा प्रदायक संयन्त्र हो । तर दुःखका साथ भन्नुपर्ने हुन्छ नेपाली लोकतन्त्रले आफूमा यो चरित्रको समुचित विकास अझै पनि गर्न सकेको छैन । विभिन्न नाममा हुने अनियमितता र भ्रष्टाचार नेपाली लोकतन्त्रका प्रमुख चुनौती बनेका छन् । यसैगरी नातावाद र कृपावाद अर्कोथरि धमिरा बनेका छन् । जबकी यी विसङ्गतिहरुको लोकतन्त्रसँग कुनै साइनो हुँदैन ।

यस्तै विसङ्गतिहरुबाट समाजलाई मुक्त पारी जनतालाई आवश्यक सेवा सहज रुपमा प्रदान गर्ने प्रक्रियालाई चुस्त बनाउनु लोकतन्त्रको महत्वपूर्ण गुण हो । आज झस्केलाबाट लोकतन्त्र विरोधीहरुले लोकतन्त्र नै अफाप भयो भन्ने प्रचार गर्ने अवसर पाएका छन् र यसमा कुनै शङ्का छैन उनीहरुलाई यो अवसर नेपाली लोकतन्त्रका सञ्चालकहरुले नै प्रदान गरेका हुन् । लोकतन्त्रका पक्षपातीहरु यी विषयमा गम्भीर हुन नसक्दा अधिनायक र एकाधिकारवादीहरुका लागि यो स्थिति अनुकूल हुने खतरा बढेको कुरालाई अस्वीकार गर्न सकिँदैन । कम्तिमा अहिले सरकारको नेतृत्वमा रहेकाहरुका लागि यी कुरा सोचनीय छन्, हुनुपर्दछ ।

लोकतन्त्रका सन्दर्भमा देखिएका र देखिने यी समस्या नेपालको मात्र नहुन सक्छ । कुनै न कुनै रुपमा विश्वमै यसबारे बहस चलिरहेका छन् । पछिल्ला दिनहरमा विश्वमा लोकप्रियताबादको अवधारणाले स्थान बनाउन खोजेको पाइन्छ । आम व्यक्ति सिद्धान्त र व्यवहारभन्दा पनि यदाकदा लोकप्रियताको चास्नीमा फस्न पुग्छन् । यस्तो लोकप्रियताले व्यक्तिपूजनको अवस्थाको सिर्जना गर्दछ र यस्तो अवस्थाले कालान्तरमा लोकतन्त्र नै सङ्कटमा पर्न सक्ने सम्भावना निम्त्याउन सक्छ ।

कुनै दुई मत छैन, विश्वकै उत्कृष्ट शासन व्यवस्था हो, यसमा शङ्का छैन तर लोकतन्त्र कहिल्यै पनि स्वयंमा पूर्ण शासन प्रणाली होइन, यसमा पनि शङ्का हुन सक्दैन । सत्य त के हो भने लोकतन्त्र मात्र यस्तो शासन प्रणाली हो, जसले स्वयंमा उत्कृष्टताहरु थप्न र सर्वोत्कृष्ट बनाउन आवश्यक संयन्त्र, अवयव र सिद्धान्तहरुको उपस्थिति तथा संलग्नतालाई स्वीकार गर्छ ।

अन्तरव्यवस्थापिका परिषद्ले यस विषयमा चासो राख्ने गरेको छ र लोकतन्त्रलाई जनताको जिम्मेवार शासन प्रणालीका रुपमा विकसित गर्ने प्रयत्न थालेको छ ।

लोकतन्त्रको विकल्प भनेको निरन्तर लोकतान्त्रीकरण मात्र हो । लोकतन्त्रका मूल्य पद्धतिमा परिष्कृत गर्दै मानव चाहनाको उच्चतम् सम्बोधनमार्फत् प्रणालीगत सुधारमा चिन्तन-प्रवाह जारी छ । लोकतन्त्रले सामाजिक जीवनमा पारेको अद्भूत प्रभावलाई आज विश्वव्यापीरुपमा स्वीकार गरिएको छ । नेपालमा लोकतन्त्र र यसपछि गणतन्त्रको स्थापना भएको छ र विकसित भइरहेको छ । नागरिक साँच्चै सम्प्रभु सम्पन्न भएका छन् र वैयक्तिक विकासको मार्गमा होमिएका छन् । नागरिकले विगतदेखि वर्तमानसम्मको अनुभवको आधारमा लोकतान्त्रिक शासनलाई उत्कृष्ट ठहऱ्याएका छन् । मूल कुरा हो जनताको जीवनस्तरमा सुधार । जनतालाई विश्वास छ, लोकतन्त्रले उनीहरुको आशालाई साकार रुप प्रदान गर्नेछ । कम्तीमा लोकतन्त्रका पक्षपातीबाट यस दिशामा सामूहिक प्रयत्न आवश्यक छ ।

लोकतन्त्र दिवस मनाइरहँदा योसँग जोडिएर थुप्रै विषय हाम्रासामु उपस्थित छन् । मूल विषय जनताले अनुभूत गर्ने उपलब्धि र राजनीतिक प्रणालीको संस्थागत विकासको कुरा हो । आम नेपाली जनताको ठूलो सङ्घर्षपछि प्राप्त लोकतन्त्रको विद्यमान अवस्था र चित्रका सन्दर्भमा हामीले गम्भीर वस्तुगत विश्लेषण गर्नु आवश्यक छ । *(लेखक राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष हुनुहुन्छ)*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सरकारी कर्मचारीको न्यूनतम तलब ३५ हजार बनाउन सिफारिस

उच्चस्तरीय तलब सुविधा आयोगले सरकारी कर्मचारीको न्यूनतम तलब ३५ हजार रुपैयाँ बनाउन सिफारिस गरेको छ । आयोगले जीविकोपार्जनका लागि आवश्यक न्यूनतम रकम निकालेर सोही आधारमा कर्मचारीको तलब सिफारिस गरेको हो ।

पूर्वमुख्यसचिव लिलामणि पौड्यालको संयोजकत्वमा गठित आयोगमा पूर्वसचिव विमल वाग्ले र चार्टर्ड एकाउन्टेण्ड शिवदेव पाण्डे सदस्य थिए । आयोगले २० फागुन २०७९ मा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई प्रतिवेदन बुझाएको थियो ।

तत्कालीन आयोगको सचिवालय स्रोतले अनलाइनखबरलाई उपलब्ध गराएको प्रतिवेदन अनुसार काठमाडौं उपत्यकामा जीविकोपार्जनका लागि सबैभन्दा तल्लो तहका कर्मचारीलाई ३४ हजार ६५१ रुपैयाँ लाग्ने हिसाब निकालिएको छ ।

९ वर्षअघि गरिएको पारिवारिक बजेट सर्वेक्षण र त्यसपछि भएको मूल्यवृद्धिका आधारमा न्यूनतम तलबमान निर्धारण गरिएको छ । नेपाल राष्ट्र बैंकले २०७१ सालमा पारिवारिक बजेट सर्वेक्षण गरेको थियो । त्यतिबेला एक परिवार -चार जनाको परिवार) को न्यूनतम जीविकोपार्जनका लागि २८ हजार ४४९ रुपैयाँ लाग्ने उल्लेख गरिएको थियो । त्यसैमा वार्षिक मूल्यवृद्धि जोड्दा हाल काठमाडौं उपत्यकामा कर्मचारीको जीविकोपार्जनका लागि ३४ हजार ६५१ रुपैयाँसम्म लाग्ने तलब आयोगको प्रतिवेदनमा छ ।

आयोगले मुख्यसचिवको तलब १ लाख २२ हजार ५०० रुपैयाँ हुने गरी व्यवस्थापन गर्न सुझाव दिएको छ । त्यसो हुँदा न्यूनतम र अधिकतम तलबको फरक साढे तीन गुणा हुनेछ ।

तलब आयोगले यही आधारभूत तलबबाट कर्मचारीको मासिक तलब, कर्मचारी सञ्चय कोष थप, खाजा भत्ता, परिवहन भत्ता, शैक्षिक भत्ता, औषधी उपचार कोषमा जम्मा हुने रकम समेत समावेश गर्नुपर्ने भनेको छ ।

'सबैभन्दा तल्लो तहको कर्मचारीका लागि न्यूनतम जीवनयापन गर्न यति त चाहिन्छ भनेर आयोगले आधारभूत अंक तोकिदिएको हो' आयोगका सदस्य रहेका पूर्वसचिव विमल वाग्लेले अनलाइनखबरसँग भने, 'यो न्यूनतम अंक हो । यसमा केही अरु सुविधा थप्नुपर्छ भनेका छौं ।'

आयोगले अधिकृतका लागि २० लाख र राजपत्र अनंकित तथा श्रेणीविहीन कर्मचारीका लागि १५ लाखको जीवन बीमा, तथा कर्मचारी कल्याणकारी कोषको खर्च समावेश गर्नुपर्ने सुझाव दिएको छ । प्रतिवेदनमा भनिएको छ, 'यसको अतिरिक्त बढीमा तलब भत्ताको ९ प्रतिशतदेखि कम्तीमा ४.५ प्रतिशतसम्म रकम घर भाडा दिने प्रस्ताव गरिएको छ ।'

बिरामी हुँदा आफू र परिवारको उपचारको खर्च जुटाउनुपर्ने चिन्ताले कतिपय कर्मचारीले 'अतिरिक्त आम्दानी'को खोजी गरेको भन्दै आयोगले कर्मचारी र परिवारको स्वास्थ्य उपचारको प्रत्याभूति गर्न सुझाव दिएको छ ।

अहिले व्यवस्था भएको उपचार बापतको रकम खारेज गर्नुपर्ने भन्दै उसले सञ्चित र बिरामी बिदाको साटो रकम दिएर बिदा सञ्चित नहुने व्यवस्था गर्न भनेको छ । उसले त्यसको साटो अवकाश भएर जाँदा निश्चित रकम पाउने सुनिश्चितता गर्नुपर्ने औंल्याएको छ ।

आयोगको यो सिफारिस कार्यान्वयन भए सबैभन्दा कम तलब पाउने कार्यालय सहायकको तलब ३५ हजार हाराहारी पुग्नेछ भने त्यसमा घरभाडा बापत थप १५७५ देखि ३१५० रुपैयाँ पाउनेछन् । अहिले कार्यालय सहायकको न्यूनतम तलब २६ हजार ८२ रुपैयाँ छ ।

आयोगले मुख्यसचिवको तलब १ लाख २२ हजार ५०० रुपैयाँ बनाउन सिफारिस गरेको छ । हाल मुख्यसचिवको आधारभूत तलब ७७ हजार २११ रुपैयाँ छ ।

यो प्रतिवेदनले कार्यालय सहायक र मुख्यसचिवको तलबको अनुपात झन् बढाएको छ । पहिले कार्यालय सहायकको तलब अनुपात १०० रुपैयाँ हुँदा मुख्यसचिवको तलब ३०४ रुपैयाँ थियो भने सिफारिस कार्यान्वयन भए मुख्यसचिवको तलब ३५० पुग्नेछ । पूर्वसचिव वाग्ले अहिले प्रचलनमा रहेको भन्दा कार्यालय सहायक र मुख्यसचिवको तलब फरकको अन्तर केही बढाउन सिफारिस भएको स्वीकार्छन् ।

आयोगले प्रतिवेदनमा मुख्य सचिव र कार्यालय सहयोगी बाहेक अन्य पदका कर्मचारीको तलबमानबारे उल्लेख गरेको छैन ।

उनका अनुसार, तल्लो र माथिल्लो तहका कर्मचारीको तलबमानको अनुपात दक्षिण एसियाली मुलुकमध्ये नेपालमा सबैभन्दा कम छ । उनी भन्छन्, 'सचिव र मुख्यसचिवहरुको पदीय जिम्मेवारी, कार्यभार लगायतका पक्ष हेरेर तलबको अनुपात अरुको भन्दा बढी हुनुपर्छ भनेका छौं ।' माथिल्लो तलबमानका कारण आयकर पनि बढी तिर्नुपर्ने भएकाले प्रतिवेदनमा उल्लेख भएजस्तो बढी अनुपातमा उनीहरुले तलब बुझ्न नपाउने आयोगका सदस्य रहेका वाग्लेले बताए ।

दक्षिण एशियाली मुलुकहरुको तुलनामा नेपालका कर्मचारीको तलबभत्ता र सुविधा साह्रै कम देखिएको भन्दै उच्चस्तरीय तलब आयोगले उच्चपदस्थ कर्मचारीको तलब अन्य मुलुकको तुलनामा ज्यादै कम भएको टिप्पणी गरेको छ ।

त्यही आधारमा उसले कार्यालय सहायकको तुलनामा मुख्यसचिवको तलबको अनुपात बढाउन सुझाव दिएको हो । उसको दाबी अनुसार, कतिपय मुलुकमा कार्यालय सहायकको तलब १०० रुपैयाँ हुँदा उच्चपदस्थ अधिकारीहरुको तलब ७९१ रुपैयाँसम्म छ ।

**आर्थिक भार**

पूर्वसचिव वाग्लेले आयोगको सिफारिस हुबहु कार्यान्वयन भए निजामती कर्मचारीहरुको हकमा वार्षिक ६६ अर्ब रुपैयाँ थप भार पर्ने हिसाब निकालिएको छ । तर निजामतीको तुलनामा सुरक्षा निकायका अधिकारीहरुको हकमा केही बढी सुविधा र सहुलियत हुने भएकाले त्यसतर्फ विचार गर्नुपर्ने सुझाव दिएको उनले बताए ।

वाग्लेका अनुसार, मुख्यसचिवभन्दा तल्लो मर्यादाक्रममा रहने प्रधानसेनापतिसँग अवकाशपछि जुन सुविधा र मानमर्यादा हुन्छ, मुख्यसचिवले त्यो पाउँदैनन् । उनले भने, 'कतिपय मुख्यसचिव अवकाशपछि ट्याम्पुमा हिंडेको हामीले देखेकै छौं ।'

**ग्रेड वृद्धि हटाउन र प्रोत्साहन भत्ता दिन सुझाव**

कर्मचारीहरुले के कति काम गरे भनी मूल्यांकन गर्ने व्यवस्थित परिपाटी नभएको भन्दै आयोगले हचुवाको भरमा कार्यसम्पादन मूल्यांकन हुने, दण्ड/पुरस्कार पनि मोलाहिजाको भरमा हुने र काम नगरी तलब पाक्ने अवस्था रहेको औंल्याएको छ ।

सरकारले गत बजेटमा उच्चस्तरीय तलब आयोग गठन गरी कर्मचारीहरुको तलब पुनरावलोकन गर्ने घोषणा गरेको थियो ।

आयोगले कर्मचारीको कामको परिमाण, समय र त्यसको नतिजा हेरेर कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता दिन सुझाव दिएको छ ।

वर्ष सकिनासाथ ग्रेड बढ्ने परिपाटी हट्नुपर्ने भन्दै कामका आधारमा निश्चित प्रतिशत तलब बढाउनुपर्ने भनी २०४८ सालमा प्रशासन सुधार आयोगले दिएको सुझाव कार्यान्वयन गर्न यो समितिले सरकारलाई सुझाव दिएको छ ।

आयोगले कर्मचारी सञ्चयकोष मार्फत कर्मचारीलाई आवास ऋण (घर कर्जा) विस्तार गर्न सुझाव दिएको छ । कर्मचारीको कार्यकक्ष, कम्प्युटर, फर्निचर र स्टेसनरीमा मापदण्ड बनाई किफायती पद्धति लागू गर्न सुझाव दिएको छ ।

**दरबन्दी कटौती र सुरक्षा निकायमा भर्ना रोक्न सुझाव**

अनावश्यक कर्मचारीहरुको दरबन्दी घटाउनैपर्ने भन्दै उसले कर्मचारीको पूरा समय सदुपयोग गर्नुपर्ने सुझाव दिएको छ ।

मुलुक संघीय संचनामा गए पनि संघीय निजामती सेवाको दरबन्दी कटौती हुन नसकेको भन्दै ४८ हजार ४०९ बाट घटाएर ३५ हजार कायम गर्न सिफारिस गरेको छ । यसो हुँदा १३ हजार ४०९ दरबन्दी कटौती हुनेछन् । उसले निजामती, सेना, प्रहरी र सशस्त्र प्रहरी बलमा नयाँ भर्ना रोक्न पनि सुझाव दिएको छ ।

सक्रिय उमेर छँदै राजीनामा दिएर पेन्सन लिने प्रवृति निरुत्साहित गर्न तोकिएको अवधिभन्दा छिटो अवकाश लिए निश्चित प्रतिशत रकम कटाउनुपर्ने सुझाव पनि तलब आयोगले दिएको छ । उसले पेन्सन खाने कर्मचारीहरुको सुविधामा एकरुपता ल्याउन सुझाव दिएको छ भने दोहोरो सुविधालाई निरुत्साहित गर्न पनि सिफारिस गरेको छ ।

'संवैधानिक निकाय र सरकारी कोषबाट तलब भत्ता र निवृत्तिभरण दुवै लिनेदिने व्यवस्था पनि निवृत्तिभरणको सामाजिक सुरक्षा सिद्धान्त विपरीत छ', प्रतिवेदनमा भनिएको छ, 'एउटै अवधिको निवृत्तिभरण र तलब भत्ता लिइसकेपछि फेरि त्यही अवधिलाई सेवामा गणना गरेर निवृत्तिभरण दिनु न्यायोचित देखिँदैन । यस्तो दोहोरो तेहरो सुविधा कटौती गरिनुपर्छ ।'

**खर्च घटाउनू, चुहावट रोक्नू**

नेपालको अर्थतन्त्र जटिल अवस्थामा पुगेको, राजस्वले साधारण खर्च धान्न नसक्ने अवस्था भएको र ऋण तिर्नका लागि अर्को ऋण लिनुपर्ने अवस्था आउनसक्ने भन्दै तलब आयोगले अनावश्यक खर्च कटौती र राजस्व परिचालनमा पहल गरेर यसको व्यवस्थापन गर्न सुझाव दिएको छ ।

आर्थिक वर्ष २०७५/७६ मा मात्रै एक खर्ब ३० अर्ब रुपैयाँ राजस्व छुट दिइएको र करिब २० अर्ब रुपैयाँ भ्याट उठाउन बाँकी रहेको भन्दै आयोगले त्यसरी संकलन भएको राजस्वको ठूलो हिस्सा अनुदान दिने परिपाटी रोक्नुपर्ने सुझाव दिएको छ ।

राजस्वको आधा रकम अर्थात करिब ५०० अर्ब रुपैयाँ अनुदानमा खर्च भएको भन्दै उच्चस्तरीय तलब आयोगले त्यसको आधा हिस्सामात्रै सामाजिक सुरक्षा भत्ताले ओगटेको औंल्याएको छ । प्रतिवेदनमा भनिएको छ, 'अनुदानमा पुनरावलोकन र सामाजिक सुरक्षा खर्चलाई एकद्वार प्रणालीबाट वितरण गरेर त्यसको हिस्सा पूँजी निर्माण, रोजगारी सिर्जना र संस्थागत सामाजिक सुरक्षातर्फ निर्देशित गर्नुपर्ने खाँचो छ ।'

भन्सारमा आधारित राजस्व प्रणाली दिगो हुन नसक्ने भन्दै आयोगले उत्पादनमा आधारित राजस्व प्रणाली बनाउन सुझाव दिएको छ । त्यसका लागि उत्पादन प्रवर्द्धन र स्वदेशी वस्तुको बजारीकरणमा ध्यान दिनुपर्ने आयोगको सुझाव छ । आयोगले राजस्व चुहावट नियन्त्रण गर्न र वैदेशिक सहयोगलाई बजेटमार्फत परिचालन गर्न पनि सुझाव दिएको छ ।

'राज्यको दायित्व वहन गर्न सक्ने क्षमतालाई ध्यान दिएर खर्च कटौती र राजस्व परिचालनका उपायहरु समेत प्रस्ताव गरिएको हो' प्रतिवेदनको सारांशमा भनिएको छ, 'प्रतिवेदनको चरणबद्ध कार्यन्वयनबाट नेपालको सार्वजनिक प्रशासनको मनोबल बढ्ने र सरकारी सेवाप्रति गुणस्तरीय जनशक्तिको आकर्षण बढ्ने अपेक्षा गरिएको छ ।

साभार : अनलाइन खबर डटकम

## विश्व समाचार

### जापानमा होटलको मूल्यमा १५ प्रतिशत वृद्धि

टोकियो, ११ वैशाख (रासस/सिन्ह्वा) ।

कोरोना भाइरसको महामारी सुरु हुनुअघि सन् २०१९ को सोही अवधिको तुलनामा पछिल्लो त्रैमासिक अवधिमा जापानमा होटलको औसत मूल्य १५ प्रतिशतले बढेको एक सर्वेक्षणले देखाएको छ ।

विश्वभरका होटल उद्योगको बजार तथ्याङ्क उपलब्ध गराउने अनुसन्धान फर्म एसटीआरले गरेको सर्वेक्षणअनुसार जनवरी-मार्चको त्रैमासिक अवधिमा जापानका होटलको एक कोठाको २४ घण्टाको औसत मूल्य १६ हजार १२५ येन (करिब १२० अमेरिकी डलर) रहेको छ । यो सन् २०१९ को सोही अवधिको तुलनामा करिब १५.७ डलरले बढी हो ।

एसटीआरको तथ्याङ्क अनुसार टोकियोमा होटलको औसत मूल्य २१ हजार ५८७ येन (करिब १६० डलर) अर्थात् देशकै सबैभन्दा बढी पुगेको छ । सन् २०१९ को तुलनामा यो १७ प्रतिशत बढी हो ।

एसटीआरले आन्तरिक यात्रालाई बढावा दिने उद्देश्यले सरकारी अनुदान कार्यक्रमको कार्यान्वयन र देशमा हाले कोभिड-१९ प्रतिबन्धहरू खुकुलो पार्नुका साथै येनको कमजोरी र बढ्दो उपभोक्ता मूल्यलाई पनि यो वृद्धिको श्रेय दिएको छ ।

### सुडानमा ४१३ जनाको मृत्यु भएको विश्व स्वास्थ्य सङ्गठनद्वारा पुष्टि

जेनेभा, ११ वैशाख (रासस/एएनआई) ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले सुडानमा जारी द्वन्द्वमा सोमबार बिहानसम्म ४१३ जनाको मृत्यु भएको जनाएको छ ।संयुक्त राष्ट्रसङ्घीय बाल निकाय (युनिसेफ)ले युद्धमा बालबालिकाले ठूलो मूल्य चुकाउनुपरेको जनाएको छ ।

सङ्गठनकी प्रवक्ता मार्गरेट ह्यारिसले संयुक्त राष्ट्रसङ्घको पत्रकार सम्मेलनमा सुडान सरकारको तथ्याङ्कअनुसार द्वन्द्वमा ४१३ जनाको मृत्यु भएको र तीन हजार ५५१ जना घाइते भएको जानकारी दिनुभयो । देशको सेना र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ) बीच जारी भिडन्तको एक हिस्सा हो । उहाँले अप्रिल १५ यता १० सहित स्वास्थ्य संस्थामा ११ वटा आक्रमण भएको पुष्टि भएको बताउनुभयो ।

"सुडानको स्वास्थ्य मन्त्रालयका अनुसार काम गर्न छाडेका स्वास्थ्य संस्थाहरूको सङ्ख्या २० छ । साथै, स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार बन्द हुने जोखिममा रहेका स्वास्थ्य संस्थाहरूको सङ्ख्या १२ छ," ह्यारिसलाई उद्धृत गर्दै अनादोलुले रिपोर्ट गरेको छ ।

"यसको अर्थ हेरचाहको आवश्यकता रहेका व्यक्तिले आवश्यक स्वास्थ्य सेवा पाउन पनि कठिन बनेको छ ।पत्रकार सम्मेलनमा युनिसेफका प्रवक्ता जेम्स एल्डरले भन्नुभयो,"यो लडाईंले बालबालिकामा विनाशकारी असर पारेको स्पष्ट छ । अहिले हामीसँग कम्तीमा नौ जना बालबालिकाको मृत्यु भएको र कम्तीमा ५० जना घाइते भएको समाचार प्राप्त भएको छ ।"

लडाइँ जारी रहँदा पिडित बालबालिकाको सङ्ख्या उल्लेख्यरूपमा बढ्ने देखिएको उहाँले बताउनुभयो ।एल्डरका अनुसार द्वन्द्वका कारण ठूलो सङ्ख्यामा मानिसहरु फसेका छन् र उनीहरुसँग बिद्युतको पहुँच छैन । उनीहरूलाई खाना, पानी र औषधिको अभाव छ । उहाँले भन्नुभयो, "हाम्रो गम्भीर चिन्ताको विषय भनेको आक्रमणको चपेटामा परेका अस्पतालहरू हुन् ।"

एल्डरका अनुसार सुडानमा बालबालिकामा कुपोषणको दर विश्वमै सबैभन्दा बढी छ । "हाम्रो जानकारी अनुसार करिब ५० हजार बालबालिकाका लागि महत्वपूर्ण जीवन रक्षक सहयोग जोखिममा छ । यस लडाईंले सुडानमा निरन्तर चिसो तापक्रममा राख्नुपर्ने खोप तथा औषधीलाई पनि खतरामा पारेको छ," उहाँले भन्नुभयो ।

सुडानमा यसका कारण चार करोड अमेरिकी डलर भन्दा बढीको खोप र इन्सुलिनलाई उचित तापक्रममा राख्न कठिन भएको छ । गत शनिबार सुडानी सेना र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ) बीच राजधानी खार्तूम र आसपासका क्षेत्रमा भिडन्त भएको थियो । सन् २०२१ को अक्टोबरमा सेनाले प्रधानमन्त्री अब्दल्ला हम्दोकको सङ्क्रमणकालीन सरकारलाई बर्खास्त गर्नुका साथै आपतकालीन अवस्थाको घोषणा गरेपछि सुडानमा सन् २०२१ को अक्टोबरदेखि सेनाको नियन्त्रणमा सत्ता चलेको छ ।

### हातखुट्टा बाँधिएको अवस्थामा दश जना माझीको शव फेला

कोक्स बजार, बङ्गलादेश, ११ वैशाख (रासस/सिन्ह्वा) ।

बङ्गालको खाडीमा माछा मार्ने क्रममा बेपत्ता भएका १० जनाको शव फेला परेको छ । कक्स बजार सदर पुलिस कार्यालयका इन्चार्ज रफिकुल इस्लामले पत्रकारहरूलाई बताए अनुसार माछा मार्ने डुङ्गाको शीत भण्डारभित्र शवहरू फेला परेका थिए । पीडित सबैको हातखुट्टा बाँधिएको प्रहरीले जनाएको छ ।

स्थानीय डुङ्गाचालकले सोनाडिया टापुको पश्चिमी भागमा माछा मार्ने डुङ्गा तैरिरहेको देखेपछि त्यसलाई किनारामा तानेको अधिकारीहरूले बताएका छन् । घटनाको जानकारी पाएलगत्तै प्रहरी र अग्निनियन्त्रकहरू घटनास्थलमा पुगेका थिए । उनीहरूले अर्ध-सडेगलेका शवहरू फेला पारेका तर शवको पहिचान हुन सकेको छैन ।

लुटेराहरूको एक गिरोहले कम्तिमा १० देखि १२ दिन अघि मछुवाहरूलाई आक्रमण गरेर मारेको हुनसक्ने अनुसन्धानकर्ताहरूले अनुमान गरेका छन् ।

# पाँच बर्षदेखि सामुहिक तरकारी खेती



**दैनिक समाचारदाता**
**राजविराज, ११ वैशाख ।**

समुन्नती कार्यक्रम अर्न्तगत सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ७ मंसापुरमा बिगत पाँच बर्षदेखि सामुहिक तरकारी खेती गर्दै आइरहेको छ ।

सो खेतीका लागि समुन्नती कार्यक्रम अर्न्तगत सेभ द चिल्ड्रेनको सहयोगमा सेभ द सप्तरीले बिभिन्न कृषक समुहलाई खादमल, बिषादी औषधी, पानी पटाउने पम्पी सेट, पाईप र बोरिङ किसानलाई निःशुल्क प्रदान गरेको छ ।

यसैक्रममा सोमबार उक्त सामूहिक तरकारी खेतिको अनुगमन समेत गरिएको छ । खुर्सानी, करेला, घिरौला, लौका, फर्सी, बोडी र बिभिन्न प्रकारका हरिया सागहरु उत्पादन गरिरहेको अनुगमन टोलीको नेतृत्व गरिरहेका तिलाठी कोइलाडी गाउँपालिकाको कृषि संयोजक उदायकान्त झाले बताए ।

सोही क्रममा कमलेश्वरी कृषक समुहले पनि प्रत्येक बर्ष हिउदै बाली र लहरे बाली गर्दै आएको उनले बताए ।

करिब ४ बिगहा दश कठ्ामा समुहकी अध्यक्ष प्रमिला देवी साह, कोषाध्यक्ष दुर्गादेवी मंडल, सदस्यहरु ललिता देवी मंडल, अनिता मंडल, मालोदेवी सरदार र पुनमदेवी सरदारसहित २५ जना सदस्य मिलेर आफ्नो जिवीकोपार्जनका लागि सामुहिक तरकारी खेति गर्दै आइरहेका छन् ।

# स्वदेशी सवारी साधन दर्ताका लागि सहजीकरण गरिने

काठमाडौँ, ११ वैशाख (रासस) ।

सरकारले नेपालमै उत्पादन भएका यात्रीलगायत सवारी साधनको दर्ताका लागि कानुनी जटिलता सहजीकरणका लागि पहलकदमी लिएको छ ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले नेपालमा उत्पादन भएका सवारीसाधन सञ्चालनमा देखिएको कानुनी जटिलता तत्काल समाधान गर्न पहल गरिने बताउनुभयो ।

मन्त्री ज्वालाले सोमबार मन्त्रालय मातहतका कर्मचारी र रोकारवाला निकायसँग कार्यविधि संशोधनका लागि निर्देशन दिनुभएको हो ।

"दुई दिनभित्र नेपालमा उत्पादन भएका सवारी साधनको दर्ता र सञ्चालनको समस्या हल हुन्छ", उहाँले भन्नुभयो, "स्वदेशमै उत्पादन भएका सवारीसाधनलाई हामी प्रोत्साहन गर्छौं, तर त्यसको सुरक्षा, सुलभ मूल्यमा होस् भन्नेमा हाम्रो चासो छ ।"

नेपालमा उत्पादन भएका सवारी साधनको दर्ता र सञ्चालनमा लामो समयदेखि जटिलता रहँदै आएको थियो । मन्त्री ज्वालाले नेपाली उत्पादनलाई प्रोत्साहन र सहजीकरण गरिने उल्लेख गर्नुभयो । कानुनी जटिलतालाई तत्काल हल गर्न यातायात व्यवस्था विभागको कार्यविधि निर्देशिका संशोधन हुनेभएको छ । यात्रीलगायतले नेपालमा विद्युतीय मोटरसाइकल उत्पादन गर्दै आएका छन् ।

नेपालमा उत्पादन भएका सवारीसाधनको परीक्षण पनि भइसकेको छ । तर प्रज्ञापनपत्रको अभावमा दर्ता हुनसकेका थिएनन् । प्रज्ञापनपत्रको सट्टा कर विजक लिएर दर्ता गर्न मिल्ने व्यवस्था गरिएको छ । यातायात व्यवस्थाको कार्यविधिमा नेपालमा पनि सवारीसाधन उत्पादन हुन्छन् भन्ने आँकलन गरिएको छैन ।

विसं २०५४ मा बनेको ऐन र कार्यविधिमा विदेशबाट खरिद भएका सवारी साधनका लागि मात्र व्यवस्था गरिएको छ ।

मन्त्रालयका सचिव केशवकुमार शर्माले यात्रीलगायत स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्नेगरी दर्ता प्रक्रियालाई सहज बनाउन आवश्यक कानुनी उल्झन सहजीकरण गरिने विश्वास व्यक्त गर्नुभयो । उहाँले नेपाली उत्पादनका सवारीसाधन कम खर्चमा उपभोक्ताको पहुँच तथा सुरक्षित हुनुपर्नेमा जोड दिनुभयो ।

यातायात व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले यात्रीको दर्ताका लागि तत्काल कार्यविधि संशोधनको प्रक्रिया अघि बढाइएको र कम्पनीको उत्पादन सुरक्षित, गुणस्तरीय र उपभोक्तामैत्री हुनुपर्नेमा जोड दिनुभयो ।

## निर्वाचन खर्च ...

प्रमाणसहितको जानकारी सम्बन्धित उम्मेदवारहरूले आ-आफ्नो प्रदेश/जिल्ला निर्वाचन कार्यालयलाई दिनु पर्ने निर्णय भएको आयोगले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यस सम्बन्धमा आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवारी दिई प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्ने २ जहार ३ सय ७३ जना उम्मेदवार र प्रदेशसभा सदस्य निर्वाचन, २०७९ मा उम्मेदवारी दिई प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेश गर्ने ३ हजार १ सय ८८ जना उम्मेदवारहरू ७ दिनको म्याद दिई खर्च विवरण सार्वजनिक गर्न वैशाख ६ गते निर्देशन दिने निर्णय गरेको थियो ।

आयोगको निर्देशनपछि उम्मेदवारहरूले धमाधम आफ्नो चुनावी खर्च विवरण सार्वजनिक गरिरहेका छन् । यस्तै खर्च विवरण पेश नगर्ने ७२ उम्मेदवार भने स्पष्टीकरणमा परेको रातोपाटी डटकमले जनाएको छ ।


# सूचना । सूचना ॥ सूचना ॥।

## जनहितमा जारी सूचना

हावाहुरी तथा खडेरीको मौसम शुरु भएको हुँदा कुनै पनि समयमा मौसम परिवर्तन भई हावाहुरी तथा आगलागी जस्ता विपत हुन सक्ने भएकोले समयमै सचेत भई बदलिदो मौसम अनुरुप सतर्क रहन र विपत व्यवस्थापनमा चनाखो भई त्यसबाट हुने धनजनको क्षति न्युनिकरणका उपाय अपनाउन सर्वसाधारणका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तिलाठी कोइलाडी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय तिलाठी**
**सप्तरी, मधेश प्रदेश**

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

**बालबालिकाको हेरचाहमा ध्यान दिऔं ।**

- तीन बर्षको उमेरसम्ममा बालबालिकाको ८० प्रतिशत मस्तिष्क विकास भइसक्दछ ।
- उनीहरुले खाने हरेक खानाको ७५ प्रतिशत भाग मस्तिष्क निर्माणमा उपयोग हुन्छ ।
- बालबालिकासँग १५ मिनेट खेल्नाले मस्तिष्कको हजारौं कोषिकाहरु चलायमान बनाउन सकिन्छ ।
- बालबालिकाको सन्तुलित खाना र हेरचाहमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money – a CHAUDHARY GROUP initiative
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*